आज मिति २०७६/०६/१२ गते आइतबार यस माईजोगमाई गाउँपालिकाको अध्यक्ष श्री जीत बहादुर राईज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको ७१ औ बैठक बसि तमशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | | |
| ३ | याम कुमार कार्की | १ नं. वडाध्यक्ष | | |
| ४ | डम्बर बहादुर सुवेदी | २ नं. वडाध्यक्ष | | |
| ५ | याम प्र. लामा | ३ नं. वडाध्यक्ष | | |
| ६ | गणेश कुमार राई | ४ नं. वडाध्यक्ष | | |
| ७ | दाताराम संजेल | ५ नं. वडाध्यक्ष | | |
| ८ | भवानी प्रसाद लिङ्दम | ६ नं. वडाध्यक्ष | | |
| ९ | कविता राई | गा.पा. सदस्य | | |
| १० | मिरादेवी खवास | गा.पा. सदस्य | | |
| ११ | सोमकुमारी साउदेन | गा.पा. सदस्य | | |
| १२ | मनकुमारी लिम्बु | गा.पा. सदस्य | | |
| १३ | विर बहादुर देवान | गा.पा. सदस्य (मनोनित) | | |
| १४ | याम बहादुर विश्वकर्म | गा.पा. सदस्य (मनोनित) | | |
| १५ | चन्द्र प्रकाश बस्नेत | सदस्य सचिव | | |
| | | | | |
| | अन्य उपस्थिति | | | |
| | नोरहाङ लिम्बु | योजना शाखा | | |
| | [illegible] | शिक्षा शाखा | | |
| | | | | |

प्रस्तावहरु

१. दशैं पुजा खर्च सम्बन्धमा ।

२. राहत तथा आर्थिक सहयोग दिने सम्बन्धमा ।

३. सब डिभिजन वन कार्यालय नयाँबजारको भवन निर्माण सम्बन्धमा ।

४. आ.ब. ०७५/०७६ को वेरोजगार दर्ता सुचि स्विकृत गर्ने सम्बन्धमा ।

५. विधुतिय टेण्डर मात्र गर्ने सम्बन्धमा ।

६. वडा नं. २ को वडा भवनको पुरानो ठेक्का सम्बन्धमा ।

७. मुख्य सडक खण्डहरुको डिपिआरको लागि सहजिकरण गर्ने सम्बन्धमा ।

८. विदा स्वीकृत सम्बन्धमा ।

९. खेलकुद समिति गठन सम्बन्धमा ।

१०. नामसालिंग मा. वि.को वि.व्य. स. विगठन सम्बन्धमा ।

निर्णयहरु

१. महान चाड विजयादशमी २०७६ को दुर्गा पुजाको लागी ईलाका प्रहरी कार्यालय नयाँबजार बाट पुजा खर्च माग भई आएकोले निम्न बमोजिमको निकायलाई पुजा खर्च चालु खर्चको विविध शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | निकायको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | ईलाका प्रहरी कार्यालय नयाँबजार | १५०००/- | |
| २. | प्रहरी चौकी जौवारी | १००००/- | |
| ३. | अस्थायी प्रहरी चौकी नामसालिङ | १००००/- | |

२. निम्न बमोजिमका स्थायी ठेगाना भएका व्यक्ति तथा परिवारलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | व्यक्ति तथा परिवारको नाम थर र ठेगाना | स्थायी ठेगाना | रकम रु | कारण | कैफियत |
|---|---|---|---|---|---|
| १. | काजीमान राई | वडा नं. १ | २५०००/- | पहिरोबाट घर क्षति भएकोले विपद सहायता | प्रहरी मुचुल्का र वडा सिफारिस भएको |
| २. | पासाङ तेम्बा शेर्पा | वडा नं. १ | १००००/- | मृगौला पिडितलाई आर्थिक सहायता | अस्पताल रिपोर्ट र वडा सिफारिस भएको |
| ३. | कमला देवी निरौला | वडा नं. १ | १५०००/- | क्यान्सर पिडित आर्थिक सहायता | अस्पताल रिपोर्ट र वडा सिफारिस भएको |
| ४. | संघर्ष लिम्बु | वडा नं. ४ | ३००००/- | मुटुरोग पिडित आर्थिक सहायता | अस्पताल रिपोर्ट र वडा सिफारिस भएको |

३. डिभिजन बन कार्यालय ईलामको च.नं. ३९६ मिति २०२०७६/६/१ को आर्थिक अनुदान उपलब्ध गराउने सम्बन्धमा दर्ता भएको पत्र बमोजिम उक्त कार्यालयको बार्षिक कार्यक्रम अनुसार सब डिभिजन वन कार्यालय नयाँबजारको भवन निर्माण गर्नको लागी रु ३० लाख विनियोजन भएको तथा उक्त रकम अपुग हुने देखिएकोले थप आर्थिक

अनुदान सहयोग गर्न अनुरोध भई आएकोले यस गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रम तथा बजेटको समपुरक कोष शिर्षकबाट व्यहोर्ने गर्ने गरि रु १० लाख अनुदान सहयोग गर्ने निर्णय गरियो ।

४. प्रधान मन्त्रि रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट रोजगार कार्यक्रम अन्तर्गत मिति २०७६/१/८ गते देखि वैशाख मसान्त सम्म सञ्चालित बेरोजगार दर्ताका लागि दिने निवेदनमा यस गाउँपालिकाका सवै वडाबाट जम्मा १७९३ वटा निवेदन प्राप्त भएको व्यहोरा सेवा केन्द्रवाट प्राप्त भएको हुँदा आ.ब. ०७५/०७६ को पेश भएको उक्त वेरोजगार दर्ता सुचिमा सुचिकृत १७९३ निवेदकहरुको वेरोजगार दर्ता स्विकृत गर्ने निर्णय गरियो ।

५. गाउँ कार्यपालिकाको मिति २०७६/४/२५ गतेको ६६ औं बैठकको निर्णय नं. ५ वमोजिमका योजनाहरु विधुतिय टेण्डर खरिद प्रकृयाबाट मात्र गर्ने निर्णय गरियो ।

६. वडा नं २ को वडा कार्यालय भवन निर्माणको लागी यस आं.व मा बजेट विनियोजन भएको तथा उक्त कार्यक्रम कार्यान्वयन गर्न प्राविधिक कठिनाई भएकोले उक्त वडा नं. २ को वडा भवनको पुरानो ठेक्का सम्बन्धमा छानविन गरी यथाशिघ्र प्रतिवेदन पेश गर्न निम्न ३ सदस्यिय छनविन समिति गठन गर्ने निर्णय गरियो ।

निम्न

| | | |
|---|---|---|
| डम्बर बहादुर सुवेदी | वडा नं. २ वडाध्यक्ष | संयोजक |
| राजकुमार राई | वडा नं. २ सदस्य | सदस्य |
| बन्धु राई सदस्य | प्राविधिक शाखा प्रमुख | सदस्य |

७. वडा कार्यालयहरु जोडने मुख्य २ सडक खण्डहरु ईलाम न.पा.- बज्रदेवी- हात्तिटार- चार वरपिपल- शुक्रवारे- चित्रे - नयाँबजार सडक खण्ड र स्यालढुंगा- सरस्वती मा.वि.- सोम गोलाई- हर्रापाखा- बममाया गोलाई- कृष्ण गोलाई- पिङ गोलाई- सञ्जेल गाउँ- अर्चले पुल सडक खण्डको डिपिआर गर्न क्रमश श्री न्यू प्लानेट ईन्जिनियरिंग सर्भिसेज प्रा.लि. काठमाण्डौ म.न.पा. ३५ पेप्सीकोला, काठमाण्डौ र श्री सिद्दिविनायक ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. कागेश्वरी मनोहरा न.पा. ९, काँडाघारी काठमाण्डौं सँग सम्झौता भए बमोजिमको डिपिआर तयार गर्ने कार्य गर्न तथा समस्या र विवाद भए सम्बन्धित वडा कार्यालयको प्रत्यक्ष समन्वय र सहजिकरणमा गर्ने गरी वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत श्री चन्द्रप्रकाश वस्नेतले पारिवारिक भेटघाटको लागी मलेशिया भ्रमण गर्न पेश गरेको विदा स्विकृत निवेदन सम्बन्धमा छलफल गर्दा मिति २०७६ असोज २३ देखि २०७६ कार्तिक ८ गते सम्म गरी जम्मा १६ दिनको विदा नियमानुसार स्विकृत गर्ने निर्णय गरियो ।

९. खेलकुदको विकास र विस्तार गर्नको लागी हालको माईजोगमाई गाउँपालिकाको तदर्थ खेलकुद विकास समिति विघटन गरी माईजोगमाई गाउँपालिकाको खेलकुद विकास ऐनको दफा ११ बमोजिम परिषदले तोके बमोजिम हुने गरी गाउँपालिका स्तरीय तथा प्रत्येक वडामा वडा स्तरीय नयाँ खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

१०. उक्त प्रस्ताव माथि छलफल गर्दा शिक्षा समितिको मिति २०७६/६/१० को बैठकले माईजोगमाई गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री नामसालिंग मा. वि. ले नमुना विद्यालय सुधार गुरुयोजना अनुसार भौतिक, शैक्षिक र व्यवस्थापकिय पक्ष सँग सम्बन्धित कार्यहरु आ.व. ०७५/०७६ मा गर्न नसकेको, विद्यालयको आय व्यय समेत सार्वजनिक गर्न नसकेको, आ.व ०७५/०७६ को आय व्यय संलग्न गरिएको सामाजिक परिक्षण विधिपुर्वक सार्वजनिक गर्न नसकेको पाईएको व्यहोराको सिफारिस अनुसार माईजोगमाई गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ८(३) तथा शिक्षा नियमावलि २०७६ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी उक्त विद्यालयको विद्यालय व्यवस्थापन समिति विघटन गर्ने निर्णय गरीयो ।